# लोक सेवा आयोग

## नेपाल न्याय, प्रशासन, लेखापरीक्षण, सङ्घीय संसद सेवा, विभिन्न समूह, राजपत्र अनङ्कित द्वितीय श्रेणी, खरिदार वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/५/६

समय: २ घण्टा ३० मिनेट — पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: कार्यालय व्यवस्थापन

तलका प्रश्नहरूको उत्तर 'खण्ड' अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

### खण्ड - क — अङ्क: ४०

१. कार्यालयमा सञ्चारको महत्त्व दर्शाउँदै कार्यालय सञ्चारलाई प्रभावकारी बनाउन सहायक कर्मचारीहरूको भूमिका प्रस्तुत गर्नुहोस्। २+३=५

२. कार्यालयका कार्यहरू के-के हुन्? उल्लेख गर्नुहोस्। ५

३. नेपालको सार्वजनिक निकायहरूमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्नुका आधार र कारण उल्लेख गर्दै यसबाट सेवाग्राहीका समस्या समाधान गर्न कसरी सहज भएको छ? प्रष्ट पार्नुहोस्। ५

४. बैठक व्यवस्थापनको परिचय दिँदै यसलाई प्रभावकारी बनाउन कुन पक्षमा ध्यान दिनुपर्दछ? उल्लेख गर्नुहोस्। २+३=५

५. अभिलेख व्यवस्थापनबाट हुने फाइदाहरू के-के हुन्? अभिलेख व्यवस्थापन गर्दा के-के कुरामा ध्यान दिनुपर्छ? उल्लेख गर्नुहोस्। ५+५=१०

६. कार्यालयको निर्णय प्रक्रियामा टिप्पणीको महत्त्व लेख्नुहोस्। टिप्पणी तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस्। साथै निजामती सेवा दिवस मनाउने विषयमा तयार गर्ने टिप्पणीको नमूना प्रस्तुत गर्नुहोस्। ३+३+४=१०

### खण्ड - ख — अङ्क: ३०

७. नागरिक कर्तव्य भनेको के हो? नेपालको वर्तमान संविधानमा व्यवस्था गरिएका नागरिकका कर्तव्यहरू के-के हुन्? उल्लेख गर्नुहोस्। १+४=५

८. सकारात्मक सोचको अवधारणा उल्लेख गर्दै सेवा प्रदायक र सेवाग्राहीको सकारात्मक सोचले कार्यालयको सेवा प्रवाहमा पार्ने प्रभावबारे चर्चा गर्नुहोस्। १+४=५

९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त हुने अवस्थाबारे उल्लेख गर्दै यस आयोगको काम, कर्तव्य र अधिकारबारे प्रष्ट पार्नुहोस्। ४+६=१०

१०. मानव अधिकार भन्नाले के बुझिन्छ? नेपालको संविधानमा राष्ट्रिय मानव अधिकार आयोगका के-कस्ता काम, कर्तव्य र अधिकार उल्लेख गरिएका छन्? लेख्नुहोस्। ३+७=१०

### खण्ड - ग — अङ्क: ३०

११. एउटा निर्माण उपभोक्ता समितिले गाउँको बाटो मर्मतका लागि २५ जना कामदार खटाएर १२ दिनमा काम सक्ने लक्ष्य राखेको थियो। तर काम शुरू गरेको ४ दिन पछि पहिरोको जोखिम देखिएकोले काम चाँडो सक्नुपर्ने भयो। बाँकी काम ४ दिन भित्रै सक्न समितिले थप कति कामदारको व्यवस्था गर्नुपर्ला? ५

१२. एउटा गाउँको जनसंख्या ४,००० छ। पुरुषको संख्यामा ८% र महिलाको संख्यामा १०% ले बृद्धि हुँदा उक्त गाउँको जम्मा जनसंख्या ४,३५२ पुग्छ भने पुरुष र महिलाको संख्या कति-कति होला? पत्ता लगाउनुहोस्। ५

क्रमश:

१३. गत हप्ता एक पसलले एउटा सामानको अङ्कित मूल्य (Marked price) मा २०% छुट दिएर १३% मूल्य अभिवृद्धि कर (Value Added Tax) जोडेर रु. १८०८ मा त्यो सामान एक ग्राहकलाई बिक्री गरेका थिए भने उक्त सामानको अङ्कित मूल्य कति तोकिएको थियो? ती ग्राहकले उक्त सामानमा कति रकम छुट पाएका थिए? पत्ता लगाउनुहोस्। ५

१४. एउटा मोवाईलको हालको मूल्य रु. ५०,००० छ। कति चक्रिय ह्रासदरले मूल्य ह्रास हुँदा यसको ३ वर्ष पछिको मूल्य रु. ३६,४०० होला? पत्ता लगाउनुहोस्। ५

१५. नेपाल राष्ट्र बैंकले अमेरिकी डलर १ को विनिमय दर नेपाली रुपैयाँ १४० (विक्री दर) निर्धारण गरेको छ। नेपाली मुद्रा २.५ प्रतिशत अवमूल्यन हुँदा अमेरिकी डलर १००० खरिद गर्न कति नेपाली रुपैयाँ आवश्यक पर्दछ? ५

१६. एउटा बेलनाकार बट्टाको बक्र सतहको क्षेत्रफल १२३२ वर्ग से.मी. छ। यसको आधारको अर्धव्यास र उचाइ बराबर छन् भने बेलनाको वृत्ताकार सतहको क्षेत्रफल र पूरा सतहको क्षेत्रफल पत्ता लगाउनुहोस्। ५

<<समाप्त>>